नेपाल सरकार

गृह मन्त्रालय

# महानगरीय प्रहरी कार्यालय

रानीपोखरी,काठमाण्डौ

## राष्ट्रियस्तरको बोलपत्र आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०७२/११/०२ गते ।

१, यस कार्यालयको चालु आर्थिक बर्षको स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम यस कार्यालय तथा मातहत कार्यालय समेतको लागि आवश्यक **सर्भर कम्प्युटर, ल्यापटप कम्प्युटर, डेष्कटप कम्प्युटर, स्क्यानर, लेजर प्रिन्टर, यु.पि.एस** लगायतका मेशीनरी मालसामानहरु खरीद गर्नुपर्ने भएकोले इच्छुक फर्म, कम्पनी,ब्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी वा e-bidding मध्ये कुनै एक माध्यमबाट गोप्य बोलपत्र आव्हान गरिएको छ ।

२. बोलपत्र सम्बन्धि कागजातको दस्तुर वापत रु.३,०००।- (तीन हजार फिर्ता नहुने गरी ) यस कार्यालयको कोड नं. २७–३१४–४३ बैंक खाता नं.१–१–००१ , राजस्व शिर्षक नं.१४२२७ मा जम्मा गरेको सक्कल बैंक भौचर र निवेदनको आधारमा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिन (मिति २०७२।१२।०१ गते) कार्यालय समय भित्र यस कार्यालयबाट खरिद गर्न सकिने छ र बोलपत्र दाताले आफ्नो बोलपत्र ३१ औं दिन ( मिति २०७२।१२।०२ गते) को १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नु पर्ने छ ।

साथै सोही वा ३१ औं दिनको १४:०० बजे सम्बन्धित बोलपत्रादातहरुको रोबहरमा दर्ता हुन आएका बोलपत्र यस कार्यालयमा खोलिने छन । तर बोलपत्रदाता उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा बोलपत्र खरिद गर्ने समय, उक्त विदा पछि कार्यालय खुलेको पहिलो दिन मात्र हुने छ र दाखिला गर्ने र बोलपत्र खोल्ने दिन सोही दिनको भोलिपल्ट (कार्यालय खुलेको दिन )माथि उल्लेखित समयमा हुने छ ।

३. सार्वजनिक खरिद अनुगमन कार्यालयको आन्तरिम Portal **www.gepson.gov.np** बाट उल्लेखित सामानहरु खरिद सम्बन्धि e-bidding को कार्य समेत गरिने हुंदा उक्त web मा Login गरी प्राप्त निर्देशन अनुसार गर्नु पर्ने छ ।

४. बोलपत्रको मान्य अवधि बोलपत्र दाखिला हुने अन्तिम मितिबाट ९० दिन हुने छ र बोलपत्रदाताले बोलपत्रसाथ तल उल्लेख गरिएको रकममा नघटाई बोलपत्रको मान्य अवधि भन्दा कम्तिमा ३० दिन बढी ( १२० दिनको ) मान्य अवधि भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको बैंकले यस कार्यालयको नाममा जारी गरेको बैंक ग्यारेण्टी ( बिड बण्ड ) को सक्कल प्रति पेश गर्नु पर्ने छ । नगद जमानतको हकमा यस कार्यालयको कोड नम्बर २७–३१४–४३ उल्लेख गरि कोष तथा लेखा नियन्त्रक कार्यालय, भूक्तानी केन्द्र नं.३ लैनचौरको नाममा राष्ट्रिय वाणिज्य बैंक ठमेल शाखामा रहेको धरौटी खाता नं. ११००२०३ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नु पर्नेछ ।

५. बोलपत्रदाताले बोलपत्र साथ माथि उल्लेख भएका र अतिरिक्त प्रमाणका रुपमा तल "घ" मा उल्लेख भएको बाहेक निम्न कागजातहरुको प्रतिलिपी नोटरी पब्लिकबाट प्रमाणित गराई अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

क) फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

ख) मू.अ.कर दर्ता प्रमाणपत्र/प्यान (PAN) प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

ग) आ.व. ०७१/०७२ को कर चुक्ता प्रमाणपत्र वा आय विवरण पेश गरेको प्रमाणको प्रमाणित प्रतिलिपि ।

घ) सर्भर , कम्प्युटर र स्क्यानर सम्बन्धमा उत्पादकबाट प्रदान गरिएको आधिकारीक बिक्रेताको प्रमाण ।

ङ) बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको,प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धि कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणा पत्र ।

च) बोलपत्र सम्बन्धि कागजातमा माग भएका अन्य योग्यता तथा अनुभवलाई प्रमाणित गर्ने कागजातहरु ।

६. म्याद नाघी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

७. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

८. यो सूचनामा उल्लेखित कुराहरु यसै बमोजिम र नभएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली,२०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुने छन् ।

९. थप जानकारीको लागी यस कार्यालयको खरीद इकाई वा आर्थिक प्रशासन शाखामा सम्पर्क राख्न सकिने छ ।

१०. मिति २०७२।११।१७ गते दिउसो १ बजे यस कार्यालयमा प्रि विड मिटिङ्ग बस्ने हुंदा उपस्थित हुन समेत सम्बन्धितलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

| सि.नं | ठेक्का नं. | कामको विवरण | बोलपत्र जमानत रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | IFB No. 01/2072/73 | **सर्भर कम्प्युटर, ल्यापटप कम्प्युटर, डेष्कटप कम्प्युटर, स्क्यानर, लेजर प्रिन्टर, यु.पि.एस** | **४,६५,०००।-** | |

११, यो सूचना नेपाल प्रहरीको वेभ साईट www.nepalpolice.gov.np र यस कार्यालयको वेभ साईट www.metro.nepalpolice.gov.np मा समेत हेर्न सकिने छ ।